**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-443

# धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका सन्दर्भहरू

प्रा. दिनबहादुर थापा, विद्यावारिधि
नेपाली विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: din21036@gmail.com

**लेखसार**

नेपाली साहित्यको इतिहासमा धवलागिरि क्षेत्रको आफ्नै मौलिक पहिचान छ । धवलागिरि क्षेत्रको साहित्यसँग यहाँका प्रागैतिहासिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, संस्थागत र वैयक्तिक सन्दर्भहरू जोडिएका छन् । साहित्यसँग जोडेर यिनै विभिन्न सन्दर्भहरूको खोजी गर्नु यो अध्ययनको मुख्य उद्देश्य रहेको छ । नेपाली साहित्यको इतिहासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन चरणमा विभाजन गरिएको छ। धवलागिरि क्षेत्रको साहित्यिक इतिहासलाई पनि यिनै तीन चरणमा अध्ययन गरिएको छ। यो अध्ययनमा पुस्तकालयीय, जातिभाषिक र क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरी यी विभिन्न सन्दर्भहरूको खोजी गर्ने प्रयत्न गरिएको छ। घाटु, सोरठी, गोविचन, थानहरू, लोकसाहित्य आदि यस क्षेत्रका प्रागैतिहासिक किंवदन्ती हुन् भने कोटे राज्यहरूसँग यहाँको ऐतिहासिक सन्दर्भ जोडिएको छ। यस क्षेत्रमा बसोबास गर्ने जातजाति र तिनका विभिन्न गतिविधिहरू सामाजिक र सांस्कृतिक सन्दर्भहरू हुन् । यहाँको छाँगा-छहरा, हिमालहरू, वनजङ्गल, हरियाली पार्क आदि प्राकृतिक सन्दर्भहरू हुन् । विद्यालय, पुस्तकालय, क्याम्पस, सङ्घसंस्थानहरू आदि संस्थागत सन्दर्भहरू हुन् भने नेपाली साहित्यका धरोहर मानिने कवि वीरशाली पन्त, प्रेमनिधि पन्त, कालीभक्त पन्त, भूपी शेरचन, कृष्णबम मल्ल, मोहनबहादुर मल्ललगायतका व्यक्तित्वहरू पनि यसै क्षेत्रका वैयक्तिक प्रतिभा हुन् । यिनै विभिन्न सन्दर्भहरूको खोजी गर्ने प्रयास यो आलेखमा गरिएको छ ।

*शब्दकुञ्जी :* इतिहास, उपजीव्य, प्राकृतिक, प्रागैतिहासिक, सामाजिक, स्वायत्तीकृत, साहित्य

## विषयप्रवेश

धवलागिरि क्षेत्र भन्नाले वर्तमान पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङलाई जनाउँछ । यसको सामाजिक, ऐतिहासिक र प्रागैतिहासिक सन्दर्भको खोजी गर्दै जाँदा १२ औं शताब्दी र त्योभन्दा अगाडि पौराणिक कालसम्म पनि पुग्न सकिन्छ। पौराणिक कालसम्म पुग्दा श्रीमद्भागवत् महापुराण, रामायण र महाभारतका कथाहरूसँग जोडेर यहाँका गुफा, ओढार, नदी, हिमाल र मठमन्दिरहरूलाई प्रतीकात्मक रुपमा अर्थ्याउने चेष्टा गरेको पनि पाइन्छ । तर यी प्रतीकात्मक सन्दर्भले यहाँको वास्तविकतालाई पुष्टि गर्न नसक्ने हुँदा यहाँको इतिहास, भूगोल, भाषा, साहित्य, लोकसाहित्य, समाज, संस्कृति र प्रकृतिको समष्टिगत अध्ययन गर्नुपर्ने हुन्छ ।

नेपाली इतिहासको सन्दर्भलाई प्राचीन, मध्यकालीन र आधुनिक भनी व्याख्या गर्ने चलन छ । इतिहास पूर्वको समयलाई प्रागैतिहासिक समय भनिन्छ। नेपालमा मानदेवको समय पूर्वलाई प्रागैतिहासिक र त्यसपछिको समयलाई ऐतिहासिक भन्ने चलन पनि छ। इतिहासमा प्रमाणित गर्न नसकिने विषयलाई पौराणिक, ऋषिपरम्परा वा किंवदन्तीसँग सम्बद्ध ज्ञानधाराका रुपमा व्याख्या गर्ने चलन पनि छ। तर यो अध्ययन परम्पराले तथ्यलाई मिथ्यामा बदलिदिन पनि सक्छ ।

ऐतिहासिक पर्वत राज्यमा मङ्गोलियन, खस र आर्यन गरी तीन सभ्यताको सम्मिश्रण थियो । त्यो सभ्यताले आज पनि निरन्तरता पाइरहेको छ । यिनै तीन सभ्यताबाट विकसित भएको संस्कार, संस्कृति र लोकसाहित्यको वर्चस्व अहिले पनि यहाँ छ। आदिवासी मङ्गोलियनहरूको लोकसाहित्य, खसहरूको राजपरम्परा र आर्यनहरूको ऋषिपरम्पराको समष्टीगत अध्ययनबाट धवलागिरिको साहित्यिक इतिहासको परिकल्पना गर्न सकिन्छ । यही जगमा यहाँको साहित्यिक इतिहास निर्माण भएको छ ।

समाजको ऐना साहित्य हो । साहित्यका उपजीव्य वस्तु भनेकै इतिहास, पुराण, पुराकथा, समाज, प्रकृति, संस्कृति र भूगोल हुन् । यिनै उपजीव्य वा मूल आधारलाई रस, छन्द, अलङ्कार आदि आभूषणले सजाई रचिएको गद्य, पद्य वा वाङ्मय साहित्य हो। पूर्वमा भामहलगायतका व्यक्तिले शब्द र अर्थको रुचिर एवम् चमत्कारपूर्ण सहभाव नै साहित्य हो भनेका छन् भने पश्चिममा हड्सनले भाषाको माध्यमबाट जीवनको अभिव्यक्तिलाई साहित्य हो भनेका छन् । इन्साइक्लोपिडिया ब्रिटानिकाले त शब्दहरूको आनन्ददायी संयोजन नै साहित्य हो भनेको छ (अधिकारी, २०५५, पृ. ८८५) । तसर्थ समय, स्थान र भूगोलको सापेक्षतामा भाषाका माध्यमबाट मानव जीवन भोगाइका सौन्दर्य सचेतनाका साथ अभिव्यक्त कोसेली नै साहित्य हो । धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका विविध सन्दर्भ र पात्रहरूको संक्षिप्त चर्चा यस आलेखमा गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखको मुख्य उद्देश्य धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका विविध सन्दर्भहरूलाई प्रकाश पार्नु रहेको छ । उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा धवलागिरि क्षेत्रको साहित्यसँग सम्बन्धित यहाँका प्रागैतिहासिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, संस्थागत र वैयक्तिक सन्दर्भहरूलाई खोज्ने प्रयास गरिएको छ । नेपाली साहित्यको इतिहासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन चरणमा विभाजन गरिएको छ। धवलागिरि क्षेत्रको साहित्यिक इतिहासलाई पनि यिनै तीन चरणमा अध्ययन गरिएको छ । यो अध्ययनमा पुस्तकालयीय, जातिभाषिक र क्षेत्रीय अध्ययन विधिको अवलम्बन

**Article information**
**Received:** 11 September 2023
**Accepted:** 23 September 202
**Published:** 9 October 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

गरी यी विभिन्न सन्दर्भहरूको खोजी गरिएको छ । धवलागिरि क्षेत्रबाट नेपाली साहित्यको क्षेत्रमा स्थापित कवि वीरशाली पन्त, प्रेमनिधि पन्त, कालीभक्त पन्त, मोहनबहादुर मल्ल, भूपी शेरचनलगायतका प्राथमिक, माध्यमिक र आधुनिक कालका नवोदितसम्मका सर्जक, खोजअन्वेषक र साहित्यमा योगदान पुऱ्याउने सङ्घसंस्थाहरूको समेत वर्णनात्मक परिचय दिइएको छ ।

साबिक धवलागिरि अञ्चललाई अध्ययनको क्षेत्र चयन गरी तयार गरिएको यस आलेखमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतका स्रामग्रीहरू प्रयोगमा ल्याइएको छ । प्राथमिक स्रोतका सामग्रीहरू सङ्कलन गर्ने क्रममा चारवटै जिल्लाका नेपाली भाषा र साहित्यको क्षेत्रमा कलम चलाउने व्यक्तिका विषयमा जानिफकार व्यक्तिहरूसँग औपचारिक, अनौपचारिक र टेलिफोन सम्पर्कबाट समेत जानकारी प्राप्त गरिएको छ । यो लेख तयार गर्दा स्वानुभव, स्थलगत अवलोकन, छलफल र अन्तर्वार्ताका माध्ययमबाट प्राप्त सूचनालाई मुख्य आधार बनाइएको छ । यसैगरी द्वितीयक स्रोतका सामग्रीहरूमा आफैँले प्रकाशन गरेका पुराना लेखहरू, गोष्ठीहरूमा प्रस्तुत भएका अरुका कार्यपत्रहरू र प्रकाशित पुस्तक तथा लेखहरूलाई उपयोग गरिएको छ ।

साहित्यिक इतिहाससँग नाम जोडिएका व्यक्ति तथा सङ्घसंस्थाहरूको नामलाई जानकारी प्राप्त भएसम्म कालक्रमिक रुपमा उल्लेख गरिएको छ । यसरी अध्ययनका क्रममा प्राप्त भएका सूचना एवम् तथ्यहरूलाई वर्णनात्मक र कतै विश्लेषणात्मक विधिको उपयोग गरी यो लेख तयार गरिएको हो ।

## प्रागैतिहासिक सन्दर्भ

प्रागैतिहासिक वा किंवदन्ती सन्दर्भको कुरा गर्दा यो भूभागमा विद्यमान घाटु, सोरठी, गोपिचन, भैलो/देउसीका कथा, लोकोक्ति, लोकगीत, लोकभजन, लोकनाटक आदि लोकसाहित्यको पनि अध्ययन गर्नुपर्दछ । बागलुङको पाण्डवखानीमा प्रचलित सती घाटुमा यसै क्षेत्रका राजा पश्रामु युद्धमा मारिएपछि उनकी रानी यम्फावती सती जान लाग्दाको कारुणिक कथानक यसमा पाइन्छ । घाटुजस्तै प्रसिद्ध लोकनाटक सोरठी पनि हो । सोरठीमा पनि यस क्षेत्रका अनेक किंवदन्तीहरू जोडिएका छन् । यसमा राजा जयसिंह र रानी हैमतीको विवाहको कथा प्रसङ्ग आउँछ ।

बागलुङकै अर्गलमा बसोबास गर्ने मगरहरूको गोपिचन लोकनाटकमा पनि त्यहाँका मगरहरूको जन्म र मृत्यु संस्कारका सन्दर्भहरू जोडिएर आउँछन् । यी घाटु, सोरठी, गोपिचनजस्ता लोकनाटकहरूमा यहाँका आदिवासी जनजातिहरूको जन्म-मृत्यु संस्कार, आराध्य देवीदेवता, दैवी शक्ति, तान्त्रिक शक्ति र आफूले मनाउने चाडपर्वको वर्णन पाइन्छ ।

तिहारको भैलोसँग जोडिएर आउने बलिराजाको कथा प्रसङ्गलाई यहाँका मगरहरू आफ्ना पूर्खा राजा बलिहाङको कथासँग सन्दर्भ जोड्ने कोसिस गर्दछन् भने खसहरू आफ्ना पूर्खा खसान क्षेत्रका शक्तिसम्पन्न दानवीर राजाको गाथासँग सन्दर्भ जोड्ने तर्क पेस गर्दछन् । आर्यनहरू बलिराजाको सन्दर्भलाई पौराणिक कथासँग जोड्ने प्रयत्न गर्दछन् । यी लोक आख्यानहरूको सन्दर्भ जहाँ जोसँग जोडिए पनि यी लोकसाहित्यमा यहाँको संस्कार र संस्कृतिसँगै चाडपर्व, मनोरञ्जन, वाद्य-नृत्यकाला र गीतसङ्गीतको एकीकृत अनुहार झल्किएको हुन्छ । यसमा अझै यहाँका सिमेभुमे, झाँक्री, सिद्धभैरव, कालिकामालिका, मस्टोबराह, देवीदेउराली, हिमचुली, वरचुली, देवचुली, सत्यावती आदि थानीमण्डलीको वर्णन पनि आख्यानसँगै आएको हुन्छ । यिनै प्रागैतिहासिक सन्दर्भको जगमा यहाँका साहित्यिक कृतिहरू रचना भएका छन् र भएको हुनु पर्दछ । वर्तमान साहित्यले यी प्रागैतिहासिक सन्दर्भलाई त्यति उजागर गर्नखोजेको देखिदैन ।

## ऐतिहासिक सन्दर्भ

पर्वत राज्यको ऐतिहासिक सन्दर्भको खोजी गर्दा योगी नरहरिनाथले 'इतिहास प्रकाश' (२०१२) मा उल्लेख गरेअनुसार कालु थापा (सम्वत् १२४६) का चार भाइ छोराहरूमा जेठा पुन्याकरले पुला, माइला तारापतिले ताकम, साहिँला बिरुले रुकुम र कान्छा धर्मराजले ज्यामरुकमा राज्य चलाएका थिए भनिएको छ । मोहनबहादुर मल्लको 'पर्वतको इतिहास' (२०२८) मा मगरहरूको सहयोग लिई सम्वत् १५४५ तिर डिम्बले ताकममा हमला त गरे तर थापाको शक्ति देखेर 'रजाइँ हाम्रो, कजाइँ तिम्रो' भनी सम्झौता गरेका थिए भनिएको छ ।

चन्द्रप्रकाश बानियाँले पनि 'ऐतिहासिक पर्वतराज्य' (२०६२) मा ताकम, पुला र ज्यामरुक इलाकामा तीन सय वर्ष अविच्छिन्न रुपमा कालु थापाकै सन्तानले चार हजार पर्वत नामको राज्य चलाएका थिए, उनैबाट खोसेर डिम्ब महाराजले बीस हजार पर्वतराज्य कायम गरेका हुन् भनेका छन् ।

देवीप्रसाद शर्माको 'आधुनिक नेपालको इतिहास' (२०५१) मा डिम्बबमले खडा गरेको पर्वतराज्यलाई प्रतापनारायण मल्लले अंशबण्डा गरी जेठा छोरा जितारी मल्ललाई गलकोट, माइला राज मल्ललाई पर्वत र कान्छा कल्याण मल्ललाई कास्कीको साराङकोट राज्यमा अंशबण्डा गरे भनिएको छ । आफ्नो जन्मस्थान कुमाउ र कर्मस्थल पर्वत मलेबमको दरबार उल्लेख गर्ने पण्डित प्रेमनिधि पन्तले 'प्रायश्चित्त प्रदीप' (शाके १६४५), 'मल्लादर्श' (शाके १६४८) लगायत दुई दर्जनभन्दा बढी ग्रथहरूमा तत्कालीन मल्लहरूको वंशावली, इतिहास, साहित्य, ज्योतिष र सामाजिक रीतिथितिका विषयमा चर्चा गरेका छन् (थापा, २०६६) । यस विषयमा अझै गहन अध्ययन गर्नुपर्ने देखिन्छ ।

धवलागिरि क्षेत्रको अध्ययनमा विदेशी विद्वान् कर्कप्याट्रिक (सन् १८११) र ह्यामिल्टन (सन् १८१९) ले पनि पर्वतराज्य, गलकोटराज्य, पर्वती भाषा र मलेबम राजाका बारेमा मनग्य चर्चा गरेका छन् । त्यसैगरी टेकबहादुर श्रेष्ठ (२०५९), कर्णबहादुर बानियाँ (२०७५) लगायतका विद्वान्हरूले पनि ऐतिहासिक पर्वतराज्यका विषयमा कलम चलाएका छन् । यी विद्वान्हरूको भनाइलाई चिरफार नगरी पर्वतराज्यको ऐतिहासिक सन्दर्भ कोट्याउनु पनि अल्प विद्या भयङ्कर भन्ने अर्थ लाग्छ ।

प्राचीन कालीन पर्वत राज्यको इतिहासलाई कोट्याउँदा रुकुमतिरबाट आएका समालवंशी आनन्दबम मल्लले पहिलो पटक (वि.सं. १४९३) सर्पकोट र अर्नाकोटसहितको निसी नामको राज्य स्थापना गर्न सफल भएका हुन् भनिन्छ । उनका छोरा चन्द्रबमलगायत दुई पुस्ताले निसीबाट राज्य सञ्चालन गरेका थिए रे भन्ने भनाइ छ । उनैका नाति डिम्बबमदेखि नागबम, नारायणबम, राजबम, शिवबम, नागबम (दोस्रो), नारायण (दोस्रो), शाहबम, घनश्याम, मलेबम, प्रियव्रत (शाहबम) र कीर्तिबम (१८४३, आश्विन १४) सम्मका १४ पुस्ताले निसीदेखि पर्वतसम्म शासन सञ्चालन गरे (श्रेष्ठ, २०५९) भन्ने भनाइ इतिहासका विभिन्न ग्रन्थहरूमा लेखिएको पाइन्छ ।

गलकोटमा जितारी मल्ल (वि.सं. १६३१) हुँदै पार्थिव, बिभु, श्रीपति, श्रीदत्त/राजदत्त, पार्थिपति, नारायण, श्रीनिवास, जगतबम र जगतप्रतापबम मल्ल (वि.सं. १८४४) सम्म १० पुस्ताले राज्य गरेका थिए भने राज्य खोसिएपछि पनि रजौटाका रुपमा जगतप्रतापका छोरा राज्यप्रतापको समयदेखि पृथ्वीबम, ललितबम,

नारायणबम र भरतबम मल्ल (२०३८) सम्मका पाँच पुस्ताले रजौटाका रुपमा राजकाज चलाएका थिए ।

मल्लहरूकै बाहुबलले निसीदेखि गलकोट, ताकम, ज्यामरुक, पुला हुँदै कास्कीसम्म राज्य विस्तार गरी चार हजार पर्वतलाई बीस हजारसम्म त पुऱ्याए तर राजा नारायण मल्लले आफ्नो शासनकालमा जेठा जितारीलाई गलकोट (दुई हजार) र कान्छा कल्याणलाई कास्की राज्य (दुई हजार) अंश छुट्याएर बाँकी रहेको सोह्र हजार पर्वतराज्य माइला छोरा राज मल्ललाई दिएका थिए भनिन्छ । यसरी गलकोटमा मात्रै मल्लहरूको १५ पुस्ताले राज्य गरेको देखिन्छ । मल्लहरूको समग्र शासनकालका केही ऐतिहासिक सन्दर्भहरूलाई समेटी चन्द्रप्रकाश बानियाँ (२०७६) ले 'महारानी' उपन्यास तयार गरेका छन् ।

जगदीशचन्द्र रेग्मी (२०२३) ले पर्वत राज्यको सीमाना पूर्वमा कास्की, पश्चिममा जुम्ला र दक्षिणमा प्युठानसम्म पुगेको र मुस्ताङलाई पर्वतले सैनिक सहयोग गरेको हुँदा मुस्ताङले जुम्लालाई हराएको प्रसङ्ग उठाएका छन् । इतिहासकार चित्तरञ्जन नेपाली (२०२२) ले मर्स्याङ्दीदेखि प्युठानसम्मको भूभागलाई मगराँत क्षेत्रका रुपमा वर्णन गरेका छन् । त्यसैगरी सर्भे अफ इन्डिया अफिसको अ प्रिलिमिनरी एडिस अफ द म्याप अफ नेपाल (१९२३) को नक्शामा धवलागिरि हिमालको काखमा "मंगरवंग" नामक प्रदेश उल्लेख गरिएको छ (श्रेष्ठ, २०५९) । यी भनाइहरूबाट पनि यो क्षेत्र आफैँमा स्वायत्तीकृत वा स्वशासित भूभाग हो भन्न सकिन्छ । यी समग्र ऐतिहासिक सन्दर्भहरूलाई यहाँको साहित्यले समेट्न सक्नुपर्दछ ।

समाजभाषिक आधारमा यहाँको भौगोलिक अध्ययन गर्दा पनि अधिकांश मङ्गोलियन आदिभूमिमा "बाङ, बाँ, लुङ, ङ, दी, खानी" सर्ग जोडिएका स्थानवाची नामक बस्तीहरू भेटिन्छन् । 'बागलुङ' मगर भाषाको 'बाङ्लुँ' बाट अपभ्रंश भएर आएको शब्द हो । मगर भाषामा चौरलाई 'बाङ्' र चट्टान वा पहरोलाई 'लुँ' भनिन्छ (बुढामगर, २०६४, पृ. १२८, १६३) । मगर भाषाको 'बाङ्लुँ' बाट अपभ्रंश भएर आएको 'बागलुङ' शब्दले आज समग्र जिल्लाको प्रतिनिधित्व गर्दछ ।

बागलुङ जिल्लामा 'बाङ्' र 'लुँ' रुप जोडिएका असंख्य स्थानवाची नामहरू भेटिन्छन्, जस्तै- 'बुर्तिबाङ, खर्बाङ, बोबाङ, मल्कटिबाङ, खल्बाङ, धाइबाङ, चिरबाङ, तोरबाङ' आदि (थापा, २०६६, पृ. १०) । यहाँका कतिपय थान्लाई यहाँका रैथाने वा आदिवासीहरूको पूजा गर्ने ठाउँ वा देवमूर्ति रहेको स्थल भन्ने अर्थमा पनि बुझिन्छ । 'माईथान, झाँक्रीथान, देवीथान, भैरमथान, सिद्धथान, कुल्यानथान, बराहथान, नागको थान' आदि यस क्षेत्रका विशेष पहिचान जोडिएका स्थान वा आस्थाका सङ्केन्द्र हुन् । अनुकूलनका नाममा आफ्नो परम्परालाई बिर्सिदै गएको र यी समग्र पक्षलाई यहाँको साहित्यले समेट्न नसकेको अनुभूति गर्नसकिन्छ ।

आज पनि खानी खन्ने पेसासँग जोडिएका गाउँबस्तीहरूमा मगर र छन्त्यालहरूको बसोबास रहेको पाइन्छ । पाण्डवखानी, सिसाखानी, फलामखानी, राङखानी, लेखखानी, खुङखानी, बोङखानी, घोसाखानी, गुर्जाखानी, कुइनेमङ्गले खानी, ठाडाखानी, चौरखानी, छापाखानी, लाम्मेलाखानी, नर्जाखानी' आदि यी धवलागिरि क्षेत्रका अधिकांश क्षेत्रमा यिनै स्थानवाची नामहरू भेटिन्छन् । यी खानीहरूले यहाँको पेसा, अर्थोपार्जनको मुख्य आधार, आत्मनिर्भरता र स्वरोजगारको सन्दर्भलाई सङ्केत गर्दछन् । खसआर्य आदिभूमिमा "चौर, कोट, खेत, पानी, बारी, खोला, ठाना, खर्क, पोखरी" जस्ता स्थानवाची नामहरूको बाहुल्यता रहेको पाइन्छ । यस क्षेत्रका "ग्वालीचौर, हरिचौर, अमलाचौर, सुन्तलाचौर, नुन्थलाचौर, बाबियाचौर, रत्नेचौर, ओढारचौर, ठुल्चौर, पुलाचौर, केटीचौर, छापाचौर, भुजेलचौर, गलकोट, नुवाकोट, निन्दुलकोट, साउँकोट, सन्सारकोट, कार्कीकोट, ज्याम्रुककोट, ताकमकोट, डढेकोट, हाँडीकोट, फुर्कोट, खुर्कोट, पुर्कोट, राङ्कोट, बिहुँकोट, सराङकोट, डेटाँडाकोट, मल्लाजकोट, देउपुरकोट, राम्जाकोट, खौलाकोट, लिमीकोट, बालकोट" आदि कोटे राज्यका प्रशासनिक एकाइ हुन् तापनि आज यी स्थानीय पहिचानयुक्त गाउँबस्तीका नाम हुन् । मातृभूमिको पहिचान झल्काउने यी र यस्ता शब्दलाई पनि यहाँको साहित्यले बिर्सिनु हुँदैन ।

'सुइखेत, गैरीखेत, खोलाखेत, टारीखेत, डाँडाखेत, ढाँडाखेत, आगखेत, सिमखेत, फापरखेत, पाल्लेखेत, डाडाबारी, सिरुबारी, सिरबारे, तल्लाबारी, पल्लाबारी, गैरबारी, ताराखोला, भण्डारखोला, दरमखोला, गौँदीखोला, काठेखोला, कालीखोला, बाँसखोला, सानोखोला, ठुलोखोला, झिँजेखोला, ढोरलठाना, लिमिठाना, थापाठाना, ठाना' आदि खसआर्य बस्ती हुन् भने 'गैरखर्क, पाल्लाखर्क, डाँडाखर्क, आरुखर्क, देउखर्क, जामुनेखर्क, भएँरखर्क, माझखर्क, बाँसखर्क, मेलखर्क, भेडीखर्क' जस्ता बस्तीहरू अस्थायी बसोबासका बस्ती वा गोठथरीहरू हुन् । तसर्थ यो कुनै एक जाति विशेषको तपोभूमि मात्रै नभएर सबै जाति, जनजाति र आदिवासीको पहिचानयुक्त मातृभूमि हो भन्नसकिन्छ ।

भौगोलिक पृष्ठाधार यहाँका साहित्यिक गतिविधिका मौलिक पहिचान र विशेषता हुन् । तसर्थ यी र यस्तै ऐतिहासिक सन्दर्भलाई यहाँको साहित्यले समेट्न सक्नुपर्दछ । आधुनिकता र अनुकूलनका नाममा पुराना पहिचानयुक्त परम्परित गाउँबस्ती र पेसाव्यवसायको नाम परिवर्तन गर्नु वा आफ्ना मौलिक शब्दभण्डारलाई साहित्यको माध्यमबाट विस्थापन गर्ने कुचेष्टा गर्नु पाण्डित्य प्रदर्शनको पाखण्डीपन मात्रै हो ।

## सामाजिक सन्दर्भ

ऐतिहासिक पर्वत अर्थात् धवलागिरि क्षेत्रका खास आदिवासी मङ्गोलियन मूलका मगर, गुरुङ, छन्त्याललगायतका जनजातिहरू र खसआर्य (क्षत्री-बाहुन) हरू नै हुन् । विभेदको कोपभाजनमा परेका केही जातजातिहरूको कथा र व्यथा फरक छ । मुस्तङ राज्य र त्यहाँका शेर्पा, गुरुङ, थकाली लगायत अन्य माझी, कुमाल, भुजेल आदि जनजाति तथा आदिवासीहरूको प्रसङ्ग पनि फरक छ । यस क्षेत्रको मौलिक पहिचान भनेकै धार्मिक सहिष्णुता, सांस्कृतिक एकता, भाषिक सम्मिश्रण र जातीय सद्भाव हो ।

मुक्तिनाथ मन्दिरमा हिन्दु ब्राह्मण र बौद्ध झुमा पुजारी बस्नु, कोटथानहरूमा क्षत्री पुजारी, भैरवथानमा ठकुरी पुजारी, केही देउतीमाईको थानमा मल्ल पुजारी, केही झाँक्रीका थानहरूमा दलित बनाइएका जातिहरू पुजारी बन्नु, बराहथानमा मगर पुजारी, राममन्दिरमा ब्राह्मण पुजारी भए पनि भक्तजनहरू सर्वपक्ष हुनु यहाँका धार्मिक सहिष्णुताका उदाहरणहरू हुन् ।

एउटै मन्दिरमा वैदिक सनातन हिन्दुधर्म, बौद्धधर्म र प्राकृत धर्म मान्नेहरूको उत्तिकै आस्था र विश्वास हुनु नै नेपाली समाजको मौलिक विशेषता हो । बागलुङको माईथान वा कालिका भगवती थानमा प्राकृत धर्म मान्नेहरूले कुखुरा, परेवा, हाँस, राँगो, बोको र सुँगुर समेत बलि चढाउनेदेखि उही मन्दिरमा चण्डी पाठ गर्ने शाकाहारी ब्राह्मणहरूले फूलअछेताले पूजा गर्नु र चण्डी पाठ गर्नु धार्मिक सहिष्णुताको अनुपम उदाहरण हो ।

यी सामाजिक सहिष्णुता हुँदाहुँदै पनि व्यवहारमा यहाँ केही जातीय भेदभाव र छोइछिटो हुँदै नभएको भने होइन । यस क्षेत्रका

साहित्यिक गतिविधिमा समाजसँगै जातजाति, छुवाछुत, भेदभाव, असमानता, पेसा, वेशभूषा, भाषा, संस्कृति, संस्कारहरू, ऐँचोपैँचो, हुद्दा, पर्म आदि पक्षको पनि चित्रण नहुँदासम्म साहित्यमा सामाजिक सन्दर्भलाई भेट्टाउन गाह्रै पर्दछ । समाजमा विद्यमान धर्म, संस्कार, संस्कृति र विकृतिलाई समेत यहाँको साहित्यले उजागर गर्नुपर्दछ । समाजका सबै जात, वर्ग, क्षेत्र, लिङ्ग, भाषा, भाषिका, पेसा, धर्म, उमेर, शिक्षा, सिप, लोकोक्ति आदि विविध पक्षलाई यहाँको साहित्यले समेट्न नसकेका कारण पनि नयाँ पुस्तालाई साहित्यप्रति आकर्षित गर्न नसकिएको हो कि ?

नेपाली सामाजको वर्तमान अवस्थालाई साहित्यिक चस्माले हेर्दा वैदेशिक रोजगारीले निम्त्याएका विकृतिहरू, विकासका नाममा भएका प्राकृतिक विनाशको अवस्था, राजनीतिक अराजकता, परम्परित थानको मानमा आएको विचलन, अव्यवस्थित सहरीकरण, पारिस्थितिक प्रणालीमा आएको विसङ्गति, जलवायु परिवर्तनले निम्त्याएका सङ्कटहरू, पर्यावरणीय प्रभाव, रैथाने ज्ञानसिपमा आएको विलोपन आदि पक्षलाई निष्पक्ष र निर्भीक तवरले औल्याउन सक्नुपर्दछ । यी सबै सामाजिक सन्दर्भलाई वर्तमान साहित्यले सिंहावलोकन गर्न सक्नुपर्दछ ।

## प्राकृतिक सन्दर्भ

मानवको रक्षण, भक्षण र आकर्षणसँग जोडिएर आउने विषय नै प्रकृति हो । मानवले प्रत्यक्ष वा परोक्ष रुपमा दैवीशक्तिलाई मानेको हुन्छ । यस भूभागमा प्रकृतिपूजालाई विशेष महत्त्व दिइन्छ । यस क्षेत्रका सक्कली कवि साहित्यकारका कृतिहरूमा यहाँको 'कोटपूजा, निशानपूजा, दोखपूजा, झाँक्रीपूजा, मौलोपूजा, माईपूजा, समयपूजा, देउरालीपूजा, कालिका र मालिकापूजा, गोठधूप, कुलपूजा, भिउसुनपूजा, देउतीपूजा, बराहपूजा, वायुपूजा, बालीपूजा, पानीपूजा, जेष्ठीपूजा (परिवारको ज्येष्ठ सदस्यको पूजा), भँगेरपूजा' आदि परम्परित संस्कृतिलाई कोट्याइएकोहुन्छ । प्राकृतिक सौन्दर्यको मन फुकाएर बखान गरिएको हुन्छ । यहाँको मौलिक साहित्यमा 'धौलाश्री, निलगिरि, मनसुली, चुरेन, माछापुच्छे, अन्नपूर्ण, मानापाथी' आदि हिमश्रृङ्खलाहरू मानवीकरण भएका हुन्छन् ।

धवलागिरिको साहित्यिक पर्यावरणमा 'घुम्टेलेक, गाजाधुरी, निलुवाधुरी, सोलेधुरी, नर्जाधुरी, डुँडेलेक, कालीलेक, थामीधुरी, जैलुङ्धुरी, देवीढोका, शिवधुरी, तिनचुले, बेलढुङ्गा, दारेढुङ्गा, सन्सारकोट, हाडीकोट, भकुण्डे, ताकम, जलजला, नागी, हम्पाल, पञ्चासे आदि टापु वा पर्वतमालाहरू, विभिन्न तालतलाउ, कुवा, धारा, खोलानदी (म्याग्दी, काली, मोदी, दरम, बडिगाड, काप्रे), वनजङ्गल, गाउँबस्ती, बेसीमा धान झुलेको, लेकमा गुराँस फुलेको, बेसीमा पोखरीसँगै वरपिपल, देउरालीमा टाकुरी फुलेको र लाकुरी झुलेको, खानीगुफाहरू, छाँगाछहराहरू (रुपसे, गाईघाट)' जस्ता प्राकृतिक परिदृश्यहरूको मनमोहक तवरले वर्णन गरिएको हुन्छ । यिनै पर्यावरण यस क्षेत्रका साहित्यिक शृङ्गारका उपजीव्य हुन् ।

साहित्यले समेट्नुपर्ने मुख्य विषय भनेकै यिनै प्राकृतिक सम्पदाहरूको मनरम्य चित्रण हो । तर दुःखको कुरा आज साहित्यलाई श्रृङ्गार, मनोरञ्जन, छन्द, अलङ्कार, रस, हास्य-व्यङ्ग्यको साधन र कल्पनाको संसारका रुपमा मात्रै सीमित गराइएको छ ।

धवलागिरिको साहित्यले यहाँका हिमालहरू, पहाडहरू, वन-जङ्गल, कृषि, फलफूल, पशुपालन, जडीबुटी, खोलानाला, हावापानी, तालतलाउ र मानिसको दैनिक जीवनसँग जोडिएका औषधिउपचार, पूजाविधि, मातृभाषा, रैथाने सिप, परम्परित चाडपर्व, मनोरञ्जन आदि पक्षलाई समेट्न सक्नुपर्दछ ।

## धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका पात्रहरू

धवलागिरि क्षेत्रमा विगतदेखि वर्तमानसम्म यहाँको साहित्यिक आन्दोलनसँग जोडिएका व्यक्ति र सङ्घसंस्था अनि तिनका प्रवृत्तिहरूको यहाँ संक्षिप्त चर्चा गरिएको छ :

### प्राथमिक कालीन साहित्य

नेपाली साहित्यको इतिहासमा मोतीराम भट्टको आगमन पूर्व (१९३९) को समयलाई प्राथमिक काल, लेखनाथ पौड्याल आगमन पूर्वको युग (१९४०-१९७४) लाई माध्यमिक काल र लेखनाथको आगमन (१९७५) सँगै आधुनिक कालको सुरु भएको मानिन्छ (दाहाल, २०५४ पृ. ७६) । नेपाली साहित्यको प्राचीन काल कहिलेबाट र कोमार्फत भयो भन्ने सन्दर्भमा मतैक्य पाइँदैन । नेपाली साहित्यको प्राचीन काल मौखिक र श्रुति परम्परामा आधारित थियो भन्नसकिन्छ ।

साहित्य सिर्जनामा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । तर राणाकाल र त्यसपूर्वको समयमा नेपालमै शिक्षाको प्रबन्ध थिएन । देशमा कृषि र पशुपालनबाहेक शिक्षा, रोजगारी र उद्योग कलकारखाना केही थिएनन् । युवा शक्ति वैदेशिक रोजगारीका लागि शक्तिसम्पन्न राष्ट्रका तर्फबाट भाडाका सिपाही बनेर लडाइँभिडाइँमा लाग्नुपर्थ्यो भने शासकहरू आफ्नो इतिहास लेखाउन र धर्मकर्मका काम सम्पन्न गर्नका निम्ति छिमेकी मुलुक बनारसबाट संस्कृत पढेका पण्डित/पुरेतहरू ल्याएर आफ्नो अनुकूलका नीतिविधिहरू बनाउन लगाउने चलन थियो ।

लोकजीवनमा लामा, धामी, झाँक्री र वैद्यहरूबाट परम्परित प्राकृतिक चिकित्सा पद्धतिको उपचार हुन्थ्यो भने सिउने, बजाउने, गाउने, माटाका भाँडा बनाउने, आफर वा आरन लगाउने, खानी खन्ने, डुङ्गा चलाउने, कर्मकाण्ड गर्ने आदि सबै जातिगत पेसा हुन्थ्यो । उहिले सबै पेसाको उत्तिकै सम्मान हुन्थ्यो ।

उहिले मनोरञ्जनका साधन भनेकै मौखिक परम्परामा जीवित दन्त्यकथा, लोकगीत, झाम्रे, भजन, कर्खा (वीरताको बखान), चाँचरी (कर्मगीत), रत्यौली, गाउँखाने कथा, उखान-टुक्का आदिलाई सम्झिन्थ्यो । ज्ञानको स्रोत भनेकै जेठोबुढो वा गाउँबुढो, पुरेत/पण्डित, लामा, वैद्य, गुर्बा, डाङ्ग्रे आदि हुन्थे । यिनीहरूकै निर्देशनमा सामाजिक रीतिथिति बस्थ्यो भने गाउँको तालुकदारको विवेक र धार्मिक आस्थाका भरमा न्याय पद्धति चल्थ्यो । लोकोक्ति नै समाजको सम्पत्ति र मार्गदर्शक रीतिस्थिति मानिन्थ्यो ।

पर्वते राज्यअन्तर्गत पछिल्लो समयमा ग्वालीचौर, चरौदी, बिहुँकोट, मुलपानी, बलेवा, पाङ, बिहादी, पाङराङ, पुलचौरजस्ता ब्राह्मण बस्तीहरूमा गुरुकुलीय शिक्षाको विकास भयो । तत्कालीन गुरुकुल शिक्षामा ज्योतिषी, कर्मकाण्ड, वेदपाठ र पुराणवाचन गर्ने चार प्रकारको जनशक्ति उत्पादन गर्ने ध्येय राखिन्थ्यो (पौड्याल, २०८० : ३) । उत्पादित जनशक्तिले ज्योतिषी, कर्मकाण्ड, वेदपाठ, पुराणवाचन, नैतिक अनुशासन कायम, शासकहरूको सल्लाहकार र जनसम्पर्कको समेत काम गर्थ्यो ।

सुरुमा ब्राह्मणहरूबाटै समाजमा शैक्षिक जागरण ल्याउने, शासक वा तालुकदारहरूलाई राय सल्लाह दिने, संस्कृत-हिन्दीका धार्मिक तथा साहित्यिक ग्रन्थहरू नेपालीमा अनुवाद गरी प्रवचनहरू गर्ने आदि सकरात्मक भूमिका निर्वाह गरियो । नेपाली वा तत्कालीन पर्वते खस भाषामा साहित्यिक लेखरचनाहरू लेखन तथा अनुवाद गर्ने कामहरू पनि भए ।

पेसालाई विशिष्टीकरण गर्दै जाने क्रममा चार जात (बाहुन, क्षत्री, वैश्य, शूद्र) का विषयहरू उठ्न थाले । ब्राह्मणहरूलाई कृषि, व्यापार, वैदेशिक रोजगार आदि आय आर्जनबाट वञ्चित गरियो भने उनीहरूले कर्मकाण्ड, ग्रहशान्ति, ज्योतिषी, सप्ताह, धान्याचलजस्ता पेसाबाट अर्थोपार्जनका नयाँ स्रोतहरू खोज्न थाले । समाजमा पेसागत विशिष्टीकरणका नाउँमा एकाधिकार बढ्न थाल्यो । पेसागत निष्ठाभन्दा पनि अर्थोपार्जनको होडबाजीले समाजका हरेक क्षेत्रमा 'ब्रह्मलुट' भन्ने उखानलाई स्थापित गऱ्यो ।

आज हरेक क्षेत्रमा त्यही ब्रह्मलुट र एकाधिकार मौलाएको छ । यही ब्रह्मलुटले वर्गविभाजन, श्रमप्रतिको विभेद, पेसागत अनास्था, वैदेशिक रोजगारप्रतिको आकर्षण र जातीय विभेदसमेत उत्पन्न गरायो । यसको प्रतिफल स्वरुप लोकाभिव्यक्तिहरूमा पनि एकातर्फ शासकको स्तुतिगान, दैवीशक्तिको भक्तिभाव र अर्कातर्फ असन्तुष्टिका स्वरहरू गुन्जिन थाले । यी सन्तुष्टि र असन्तुष्टि, आस्था र अनास्थाका स्वरहरू कतै लोकसाहित्य (लोकगीत, लोकभजन, गाथा) त कतै साहित्य (गद्य, पद्य र नाटक) का रुपमा अभिव्यक्त हुन थाले । निरङ्कुस राज्यव्यवस्थाले गर्दा कतिपय जनआक्रोश साहित्यमा व्यक्त हुन पाएन ।

तत्कालीन पर्वत राज्यका राजा मलेबमले प्रेमनिधि पन्तलाई आफ्नो दरबारमा राखेर प्रायश्चित्त प्रदीप, भक्तितरङ्गिणी, काम्यदीपदान पद्धति, घृतदान पद्धति, श्राद्धकर्म पद्धति, कुमारीशक्तिलगायत दुई दर्जनभन्दा बढी पुस्तकहरू लेख्ने प्रबन्ध मिलाएका थिए । यी ग्रन्थहरूमा राजाको वंशावली, शासकको स्तुतिगान, भजनकृतन, कर्मकाण्ड र दानदातव्य विधि र पद्धतिको विषयमा चर्चा गरिएको छ ।

नेपाली साहित्यको पहिलो टीका मानिने प्रायश्चित्त प्रदीप (१७८०) हाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । चार सय पानामा लेखिएको यसको भाषालाई हेर्दा : "वामनकन पीडा दीकन हौरलग जाति भ्रंश कर्म गरिकन सांतपन व्रत गर्नु अनिछाले सो कर्म भया प्राजापत्य गर्नु । ...गधा भेडा बाकरा माऱ्या एक एक गोरु दिनु, घोडा माऱ्या वस्त्र दान गर्नु, सर्प माऱ्या लोह दण्ड तुल्याइकन तसको दान गर्नु," (पन्त, शक संवत् १६४५, पृ. ३९९ पाना) । यसमा ब्राह्मणलाई दुःख दिएमा पाप लाग्छ, अनिच्छाले कुनै कर्म भएमा प्रायश्चित गर्नु, यदि गधा, घोडा, बाखा, सर्प आदि मारेमा तोकिएको दण्डसहित त्यसलाई दान गर्नु भनिएको छ । यस भनाइले श्राद्धकर्मपद्धति र दान प्रथालाई बढी प्राथमिकता दिइन्थ्यो भन्ने पुष्टी गर्दछ ।

संस्कृत भाषामा लेखिएको मल्लादर्श पनि उनै प्रेमनिधि पन्तले लेखेका हुन् । यसमा मल्लहरूको इतिहासको वर्णन गर्दै श्लोक तीनमा प्रेमनिधि पन्त आफैँले आफ्ना बारेमा आफू कुमाउ निवासी बाबु उमापति र आमा उद्योतमतिका सन्तान भएको र कृतिको रचना समय शक संवत् १६४८ (तेनाष्टाब्धिषडिन्दुशाक) भएको समेत उल्लेख गरेका छन् (थापा, २०६६) । स्वामी प्रपन्नाचार्य सम्पादित (२०५१) कार्तवीर्योदयमहाकाव्यको भूमिकामा पनि राजा मलेबमलाई विद्वत्प्रिय, धर्मात्मा, दानी, न्यायकारी विद्वान् राजा थिए भनिएको छ । उनले उहिलेको पर्वत र बागलुङलाई अपरकाशीको संज्ञा दिएका छन् र तत्कालीन कविहरूमा प्रेमनिधि पन्त, हरिराम, उमापति, रमापति, शिवराम, भवदत्त, व्यासदत्त, सुकृतिदत्त आदिको नाम लिएका छन् ।

धवलागिरि क्षेत्रलाई पृष्ठाधार बनाएर लेखिएका प्राथमिक कालीन साहित्यको खोजी गर्दै जाँदा वीरशाली पन्त (वि.सं. १८४० पूर्व) यसै क्षेत्र (बागलुङ मूलपानी) का कवि हुन् भनिन्छ । हाम्रा प्राचीन कविहरूको पङ्क्तिमा उनको नाम निक्कै चर्चामा आउँछ । प्रेम छोटाद्वारा सम्पादित पछिल्लो कृति 'प्राथमिककालीन पुराना कवि वीरशाली पन्त' मा 'वाणोपनिषद', 'विमलबोधानुभव', 'गोपिका स्तुति', 'द्रौपदी विलाप', 'कृष्ण चरित्र' लगायतका काव्यहरू उनै वीरशाली पन्तद्वारा लेखिएका हुन् भनिएको छ (छोटा, २०६२, पृ. १२) । यसैमा ज्वालादत्त, सुकीर्तिदत्त र लक्ष्मीदत्त पन्त 'इन्दु' पनि उनैका सन्तान हुन भनिएको छ ।

लक्ष्मीदत्त पन्त 'इन्दु' लाई कतै वीरशाली पन्तपूर्व नै कुमाउतिर बाटै आएर म्याग्दीको दानामा बसी पुराण, धर्मशास्त्र र तन्त्रशास्त्रका ग्रन्थ लेखन कार्य गरेका थिए पनि भनिएको छ भने कतै बनारसमा बसेर मोतीमण्डलीमा समावेश भएका थिए भनिएको छ । 'भ्रमर चम्पक संवाद, दक्षिणकालीका स्तुति, वैराग्य दर्पण र मोतीराम भट्टको जीवनी' उनैले लेखेका हुन् भनिएको छ (पौड्याल, २०८० पृ. ४) । उनी जोजहाँका भए पनि धवलागिरि क्षेत्रमा साहित्यिक योगदान पुऱ्याउने व्यक्तिहरूमध्ये वीरशाली पन्तपछिका यिनै लक्ष्मीदत्त र सुकीर्तिदत्त पन्तको नाम अग्रस्थानमा पर्दछ । सुकीर्तिदत्त पन्त 'कार्तोवियोदय' महाकाव्य लेखकका नामबाट पनि चिनिन्छन् ।

धवलागिरि क्षेत्रका प्राथमिक कालीन रचनाहरूको खोजी गर्दै जाँदा वर्तमान पर्वतको पाङमा वि.सं. ११३५ का जातकाभरणम् नामक ज्योतिष विषयको हस्तलिखित रचना प्राप्त भएको छ भनिएको छ । त्यसैगरी रमेश मल्लको मदन दीपिका (२०७३) नामक महाकाव्य र प्रेमनिधि पन्तले लेखेको ठानिएको मलेबम महात्म्य काव्य १८२२ पूर्व लेखिएको हो भन्ने दावी गरिएको छ (पौड्याल, २०८०, पृ. ४) । यी कृतिहरू जोजसले लेखे पनि नेपाली साहित्यको इतिहासमा वर्तमान धवलागिरि वा साबिक पर्वत राज्यमा कविसाहित्यकारहरूको कमी थिएन भन्ने प्रमाणहरू जुटाउन सकिन्छ । यी साहित्यिक कृतिहरूले जनआवाज, प्राकृतिक सन्दर्भ, सामाजिक सन्दर्भ र नेपाली समाजको मौलिकपनको प्रतिनिधित्व गर्ने परिवेश नै थिएन भन्नसकिन्छ ।

### माध्यमिक कालीन साहित्य

नेपाली साहित्यको इतिहासमा मोतीराम भट्ट (१९३९) को आगमनसँगै माध्यमिक कालीन साहित्यको प्रारम्भ भएको मानिन्छ । सुकीर्तिदत्त पन्त र लक्ष्मीदत्त पन्त 'इन्दु', उनै मोतीराम भट्टका समकालीक कवि हुन् । धवलागिरि क्षेत्रमा ख्याति कमाएका पुराना साहित्यकारहरूमा वीरशाली पन्त (१८४९), राम पाध्या, प्रेमनिधि पन्त, लक्ष्मीदत्त पन्त 'इन्दु' (१९२२), देव नारायण पौडेल, नरहरि सुवेदी, हयग्रीवदत्त पन्त (१९५८), भवानीप्रसाद शर्मा (१९६४), गोपाल वैद्य (१९७८), गोविन्दलाल श्रेष्ठ (१९८९), श्याम सुन्दर गुभाजु (१९८९), भरत हरिजन (१९९३), मोहनकुमारी गौचन (१९९६), प्रकाश गौचन (१९९७), विष्णु शेरचन (१९९७), भीमप्रसाद लामिछाने (१९९८), आदि माध्यमिक कालीन साहित्यिक प्रतिभा हुन् । धवलागिरि क्षेत्रमा प्राचीन र आधुनिक कालीन साहित्यिक प्रतिभाका तुलनामा माध्यमिक कालीन साहित्य त्यति प्रभावकारी देखिँदैन ।

धवलागिरि क्षेत्रमा प्राथमिक र माध्यमिक कालीन साहित्यको सन्दर्भलाई केलाउँदा जेजति साहित्यिक कृतिहरू र कृतिकारहरू भेटिएका छन् ती सबै दरबारिया पण्डित र उनीहरूकै आफन्तहरू देखिन्छन् । जनतामा लोकसाहित्यको जुन महिमा थियो, लेख्य साहित्यप्रतिको मोह र पहुँच दुबै थिएन । लेखिएको साहित्यमा शासकहरूको वंशावली, देवीदेवताको स्तुतिगान, मनोविनोद, धार्मिक आस्था र नैतिक बन्धनका विषयहरू मात्रै समेटिएको

देखिन्छ । यो अवधिको साहित्यमा सबै जात, वर्ग, समुदाय, पेसा, धर्म र लिङ्गका मानिसहरूको उपस्थिति एवम् भावनात्मक प्रतिनिधित्व भएको देखिदैन । समाजको प्रतिविम्ब साहित्यमा नझल्किएको हुँदा तत्कालीन अमूल्य निधिहरू आज लोप भएर गए । त्यसको क्षतिपूर्ति आज आधुनिक साहित्यले पनि गर्न नसक्ने अवस्था भयो ।

**आधुनिक कालीन साहित्य**

नेपाली साहित्यमा लेखनाथको आगमन (१९७५) सँगै त कतै शारदा पत्रिका (१९९२) प्रकाशनसँगै आधुनिक कालको सुरु भएको मानिन्छ । शारदा पत्रिकामार्फत बागलुङको परिवेशमा लेखिएको गुरुप्रसाद मैनालीको नासो (१९९२) आधुनिक कालको पहिलो कथा मानिन्छ । उक्त कथा मैनालीले न्यायसम्पादनका क्रममा बागलुङ बजारमै बसेर लेखेका थिए भनिन्छ । यसैमार्फत नेपाली साहित्यमा आधुनिक काल भित्रियो ।

केही समयपछि पर्वतका गोमा उपाध्यायको जलन (१९९४) र कृष्णबम मल्लको बच्ची (१९९६) कथा पनि शारदामार्फतै प्रकाशित भएका थिए । यी उदाहरणबाट पनि नेपाली साहित्यको आधुनिक काल भित्र्याउनमा यस क्षेत्रको उत्तिकै महत्त्वपूर्ण भूमिका देखिन्छ । धवलागिरिमा नेपाली भाषा, साहित्य र लोकसाहित्यको इतिहासको खोजी गर्दै जाँदा निकै पुरानो इतिहास पाइन्छ । यस क्षेत्रको साहित्यको श्रीवृद्धि गर्नमा यहाँका व्यक्ति, संस्थाहरू र पत्रपत्रिकाहरूको पनि ठुलो योगदान रहेको पाइन्छ ।

धवलागिरिको साहित्यलाई उठाउनमा बागलुङ जिल्लाबाट ओकारप्रसाद गौचन (१९९१/०९२), शिवकुमार प्रधान (१९९३), रमेशानन्द केशरी (१९९३), सूर्यप्रसाद श्रेष्ठ (१९९४), स्वामी परमानन्द (१९९४), बैकुण्ठप्रसाद विजुक्छे (१९९५), डिल्लीप्रसाद शर्मा (१९९६), देवेन्द्रराज अधिकारी (१९९६/०९७), शास्त्रदत्त पन्त (१९९७), मेघराज पाण्डेय (१९९७), बालकृष्ण नेभा (१९९८), लालचन्द्र राजभण्डारी (१९९९), यमबहादुर के.सी. (२०००), कृष्णप्रसाद दुःखी (२०००), देवीदत्त उपाध्याय (२००१), प्रेम छोटा (२००२), गणेश शर्मा पौडेल चन्दन (२००२), जगतनरसिंह राजभण्डारी (२००२), लक्ष्मीराज शर्मा (२००२), दिल साहनी (२००२), झपेन्द्रराज क्षेत्री (२००२), देवबहादुर श्रेष्ठ (२००२) लगायतका व्यक्तिको योगदान रह्यो ।

टीकाबहादुर मल्ल (२००३), तेजकुमार श्रेष्ठ (२००३), हरिहर श्रेष्ठ (२००३), पार्वती श्रेष्ठ (२००३), दण्डपाणि आचार्य (२००४), लक्ष्मी शर्मा (२००४), दीनानाथ शर्मा (२००४), भवानी पाण्डेय 'भाष्कर' (२००४), अक्कलबहादुर श्रेष्ठ, मङ्गलादेवी श्रेष्ठ (२००४), लकाश पौडेल (२००४), मुकुन्द शर्मा पौड्याल (२००५), सूर्यनाथ सापकोटा (२००५), दीवाकर शर्मा (२००५), टङ्कनाथ शर्मा (२००६), काजीरोशन (२००६), शत्रुघ्न श्रेष्ठ, चमेली शाक्य (२००६), सन्तु श्रेष्ठ (२००६), भविलाल लामिछाने (२००७), जगन्नाथ पौडेल (२००७), कृष्णकुमार व्यथित (२००८), देवीदत्त शर्मा, लगायतका धेरै कविसाहित्यकारहरूको योगदान रहेको देखिन्छ (थापा, २०७२, पृ. १-७, र पौड्याल, २०७६, पृ. ३१-८३) । यी लगायत अन्य स्रष्टाहरूको पनि उत्तिकै योगदान रहेको छ ।

बागलुङबाटै विष्णुनाथ गौतम (२००७), श्यामलाल सुवेदी (२००८), चन्द्रकुमारी श्रेष्ठ (२००९), कृष्णादेवी शर्मा श्रेष्ठ (२००९), नरु थापा (२००९), काजीगाउले श्रेष्ठ (२००९), महेशचन्द्र प्रधान (२०१०), निर्मल श्रेष्ठ (२०११), मुकुन्दप्रसाद शर्मा चालिसे (२०११), प्रेमप्रसाद शर्मा (२०११), सरला शर्मा (२०११), बालकुमार शाक्य (२०१२), सुवर्ण कक्षपती (२०१३), प्रदीप प्रधान (२०१३), निर्मल श्रेष्ठ (२०१६), जीवन शर्मा (२०१६), विष्णुप्रसाद मैत्रेय (२०१६), शाक्य जेठा, चेतराज कँडेल (२०१७), कृष्ण कँडेल (२०१७), ओमबहादुर जि.सी. (२०१७), लीलाधर शर्मा (२०१७) आदिको पनि उत्तिकै योगदान रह्यो ।

बागलुङबाटै दिनबन्धु शर्मा (२०१८), कृष्ण थापा (२०१८), बुद्धिप्रसाद सापकोटा (२०१८), नारायणप्रसाद गौतम (२०१९), मायादेवी शर्मा (२०१९), लक्ष्मणप्रसाद गौतम (२०२०), देवेन्द्र पौडेल सुनिल (२०२१), महेन्द्रप्रसाद शर्मा (२०२१), दिनबहादुर थापा (२०२३), प्रकाशप्रसाद सापकोटा (२०२४), आनन्दराज सिलवाल (२०२६), राजेशचन्द्र राजभण्डारी (२०२६), कृष्णप्रसाद शर्मा (२०२७), प्रेम दर्पण (२०२७), मतिप्रसाद ढकाल (२०२८) आदि साहित्यको विविध क्षेत्रमा कलम चलाउने व्यक्तिहरू हुन् ।

धनराज सापकोटा (२०२९), धीरेन्द्रराज पन्त (२०२९), उदयचन्द्र चपाई (२०२९), भूपिन व्याकुल (२०३०), मुकेशचन्द्र राजभण्डारी (२०३०), प्रेमसागर पौडेल (२०३०), भूपेन्द्र खडका (२०३०), एकराज पाठक (२०३१), नगेन्द्रप्रसाद गौतम (२०३२), हरिनारायण गौतम (२०३२), डुण्डीराज पौडेल २०३२), दीपेन्द्र के.सी. (३२), विष्णु प्रपन्नाचार्य (२०३३), तुलसी पौडेल (२०३४), ओमप्रसाद घायल (२०३४), गंगाधर अधिकारी २०३५), अर्जुनराज पन्त (२०३६), निर्मलकुमार शर्मा पौडेल (२०३७) आदि व्यक्तिहरू पनि साहित्यको क्षेत्रमा उदीयमान व्यक्तित्व हुन् ।

धवलागिरिको साहित्यिक प्रतिष्ठालाई उचाइमा पुऱ्याउन गोरख सागर खत्री (२०३७), टीका पाइजा (२०३७), कृष्ण पौडेल (२०३९), सुरेन्द्रदत्त रेग्मी (२०३९), तारा शर्मा स्टार (२०४१), प्रदीप बगर (२०४४), आर के अदीप्त गिरी (२०४१), प्रकटकुमार शिशिर (२०४१), चेतन कँडेल, राम थापा अविरल (२०४२), दिल शिरीस (२०४३), अनिलकुमार निर्दोष (२०४४), कर्णबहादुर थापा (२०४४), विजय राना (२०४७), गंगा थापा मगर (२०४८), कृष्णप्रसाद सुवेदी (२०४८), सरु पौडेल (२०४९) आदि हुन् (थापा, २०७२, पृ. १-७) । यी लगायत अन्य स्रष्टाहरूको पनि उत्तिकै योगदान रहेको छ ।

पछिल्लो समयमा देखिएका साहित्यकारहरूमा कृष्ण के.सी, प्रमोद ढकाल, चन्द्रनरसिंह राजभण्डारी, टी.एन, पथिक, कृष्णकुमार श्रेष्ठ, एकलाल गिरी, मोहराज शर्मा, प्रदीपकुमार शाही, झपेन्द्र क्षेत्री, बेलु थापा, सन्तबहादुर थापा, कृष्ण थापा, मीनराज वसन्त, रामचन्द्र शर्मा, डोलेन्द्रप्रसाद शर्मा आदि हुन् । यिनीहरूले आफ्नो औकातअनुसार नेपाली भाषा, साहित्य र लोकसाहित्यको क्षेत्रमा योगदान पुऱ्याएका छन् । यस क्षेत्रका उदीयमान प्रतिभाहरूमा जगतनरसिंह अबोध, श्यामलाल सुवेदी, प्रेम दर्पण, टीका सङ्गम वि.क., हेमा कार्की, सरु अनपढ, फुर्वान रायमाझी, भरत हरिजन प्रकृति, प्रकाश सपूत, खडकबहादुर निर्दोष, सरिता भण्डारी, अनन्त प्रभात, प्रेम खड्का आभारी, लालबहादुर रितम्भरा, वैकुण्ठप्रसाद भुसाल, जितेन भाइ पुन, तुलसी पौडेल, निमाठिन्ले गुरुङ, मुना सापकोटा, भरत बागलुङे, राजेन्द्र पौडेललगायतका व्यक्तिहरू यस क्षेत्रका नवोदित र भविष्यका आशालाग्दा साहित्यिक प्रतिभाहरू हुन् ।

बागलुङका समसामयिक साहित्यमा नारी प्रतिभाहरू गोमा शर्मा, पार्वती श्रेष्ठ, गणदेवी रा.भ., कृष्णकुमारी शर्मा, सुवर्णकुमारी भारी, कोपिला कँडेल, सरिता खडका, सुन्तली कुँवर, राधिका कल्पित आदि हुन् । यी नारी प्रतिभाका कृतिहरूमा नारी सुकोमल भावहरू अभिव्यक्त भएको पाइन्छ । यिनीहरू मध्ये कतिपय सर्जकहरूका

उत्कृष्ट रचनाहरू पनि प्रकाशित भइसकेका छन् । केही रचनाहरू अभ्यासमूलक छन् भने प्रायः सर्जकहरूको गजलतर्फ अभिरुचि बढेको पाइन्छ ।

पर्वत जिल्लाबाट पुरानो पुस्तामा नाम कमाएका साहित्यकारहरूमा भवानीशङ्कर उपाध्याय (१९६२), कालीभक्त पन्त (१९६४), मोहनबहादुर मल्ल (१९६८), कृष्णबम मल्ल (१९७६), जयदेव पौड्याल (१९७८), नारायण जोशी (१९७९), प्रेमसिंह सुवेदी (१९८१), गोमादेवी उपाध्याय (१९८२), घनश्याम उपाध्याय (१९८२), श्यामानन्द पौडेल (१९८२), नारायणप्रसाद उपाध्याय (१९८३), शेरबहादुर गुरुङ (१९८६), श्यामानन्द पौडेल (१९०), गजाधर सुवेदी (१९९३), यज्ञप्रसाद सुवेदी (१९९५), खेमनाथ शर्मा (१९९५), शान्तिनारायण श्रेष्ठ (१९९६), नारायणप्रसाद जोशी (१९९७), लक्ष्मीराज शर्मा पौडेल (१९९८), टीकाराम उपाध्याय (१९९९) आदि हुन् ।

पर्वतबाट तेजप्रसाद गौचन (२०००), कमल आचार्य (२०००), दयाराम रिजाल (२०००), दण्डपाणि शर्मा (२००२), मुरलीधर शर्मा (२००२), कपिलमणि रेग्मी (२००५), हीरामणि शर्मा पौडेल (२००३), सुन्दरप्रसाद जोशी (२००३), सदानन्द रिजाल अभागी (२००३), टीकाराम उपाध्याय (२००४), सदानन्द अभागी (२००४), उद्योगबहादुर श्रेष्ठ (२००५), गोविन्दप्रसाद भुषाल (२००५), द्रोणराज उपाध्याय (२००६), भविलाल लामिछाने (२००७) आदि २००७ सालपूर्व जन्मिएका साहित्यिक प्रतिभा हुन् ।

शोभाकान्त गौडेल (२००८), टङ्कप्रसाद सुवेदी (२००८), प्रेमप्रसाद शर्मा (२००८), श्यामानन्द पौडेल (२००८), कृष्णादेवी शर्मा श्रेष्ठ (२००९), बाबुराम लामिछाने (२००९), चन्द्रप्रकाश मल्ल (२००९), ऋषिकेश तिवारी (२०१०), लेखनाथ शर्मा (२०१०), कुलप्रसाद उपाध्याय (२०११), अविनाश श्रेष्ठ (२०१२), रत्नराज पाण्डे (२०१३), छविलाल सुवेदी (२०१३), बलराम उपाध्याय रेग्मी (२०१५), विष्णुप्रसाद शर्मा (२०१६), नारायणप्रसाद पौडेल (२०१६), कृष्णप्रसाद पराजुली (२०१७), कुसुमाकर न्यौपाने (२०१७), टीकाराम शर्मा पौडेल (२०१७) लगायतका साहित्यकारहरू २०१७ सालपूर्व जन्मिएका प्रतिभा हुन् ।

नयाँ पुस्तामा इन्द्रकुमार विकल्प (२०१८), खडगप्रसाद श्रेष्ठ (२०१८), केदारनाथ रेग्मी (२०१९), केदारनाथ पौड्ल (२०१९), टुकनाथ रेग्मी (२०१९), विमल शर्मा पौडेल (२०२०), खुमनारायण पौडेल (२०२१), जीवन पौडेल (२०२१), शिवशङ्कर न्यौपाने (२०२१), षडानन्द पौड्याल (२०२१), हिराबहादुर जि.सी. (२०२१), नरहरि उपाध्याय (२०२१), इन्द्रमान खत्री (२०२२), छायादत्त न्यौपाने (२०२२), डी.आर. शर्मा (२०२३), गुणराज पौड्याल (२०२४), महेश्वर पन्त (२०२४), सरस्वती शर्मा 'जिज्ञासु' (२०२५), चन्द्रबहादुर लामिछाने (२०२५) आदि स्थापित साहित्यकार हुन् ।

नयाँ पुस्ताकै यादवप्रसाद शर्मा (२०२६), बाबुराम गिरी (२०२७), हरिहर पोखेल (२०२७), भेषराज रिजाल (२०२७), गङ्गा आचार्य (२०२८), टी.एन. भट्ट (२०२९), लोकनाथ भुसाल (२०२९), वैकुण्ठ भुसाल (२०२९), साधना प्रतीक्षा (२०२९), शङ्कर लामिछाने (२०२९), शिवप्रसाद शर्मा (२०२९), राजेन्द्र पहाडी (२०३०), गोविन्द पहाडी (२०३१), गणेशकुमार जि.सी. (२०३१), गोविन्दबहादुर नेपाली (२०३१), गोपालप्रसाद भुसाल (२०३३), सरोजराज पन्त (२०३४), कुलबहादुर सुनुवार (२०३५), जगन्नाथ रेग्मी (२०३५), बालकृष्ण अधिकारी (२०३६), पूर्णबहादुर कार्की (२०३६) आदि उदीयमान साहित्यकार हुन् ।

पर्वतबाट ईश्वर सत्य (२०३७), भरतविवश पौडेल (२०३८), थानेश्वर गौडेल (२०३८), कृष्णराज पौडेल (२०३८), बाबुराम शील (२०३८), ओझेलको सुवास (२०३८), केशवप्रसाद रेग्मी (२०३९), मन्जु गुरुङ (२०३९), मञ्जु गुरुङ (२०३९), विक्रमबहादुर के.सी. (२०४०), राम पुन (२०४०), सङ्गीता आभास (२०४१), भीमा लामिछाने (२०४३), सिन्धु गौतम (२०४४), गणेश हमाल (२०४७), मिलन कार्की (२०४७), कृष्णप्रसाद सुवेदी (२०४८), रेणुका जि.सी. (२०४५), विष्णु शर्मा (२०५२), शिव सुवेदी २०५५) आदि साहित्यकारहरूका कुनै न कुनै रुपमा कृति प्रकाशनमा आइसकेका छन् (थापा, २०७२, पृ. १-७ र पौड्याल, २०७६, पृ. ३१-८३) । यी लगायत अन्य स्रष्टाहरूको पनि यस क्षेत्रमा उत्तिकै योगदान रहेको छ ।

तीलकुमारी शर्मा, दयाराम रिजाल, रामेश्वरी पन्त, सीता असीम, हरिकृष्ण आचार्य, बाबुराम गिरी, श्रीकृष्ण भुसाल, जगन्नाथ पौडेल नुतन, विष्णु अदीप्त, शिव सुवेदी, वैभवदीप श्रेष्ठ, कृष्णबम मल्ल, जयप्रसाद सुवेदी, नारायण उपाध्याय, सङ्गीत श्रोता, निरु अश्रु, झलक गुरुङ, मदन सापकोटा, केदारनाथ पौडेल, जुग फगामी, खेमनाथ पौडेल, सदानन्द न्यौपाने, प्रतापबहादुर मल्ल, केदारनाथ रेग्मी, अर्जुन उजाड, दयाराम पौडेल, सङ्गीता आभाष, मुरलीधर शर्मा, शोभाकान्त गौडेल, दयाराम पौडेल, केशव रेग्मी, लीलानाथ असन्तोषी, शेषराज बाबु, थानेश्वर गौडेल, सुदीप क्षेत्री, प्रेम गौतम, मिलन पुर्जा स्पन्दन, डि. आर. शर्मा, कृष्णबहादुर जोशी, अदीप्त ज्योति, शिवप्रसाद शर्मा, कृष्णराज शर्मा, भगवती पौडेल, सुवन्तनाथ सुवेदी, चूडामणि शर्मा आदि हुन् । यिनीहरूको पनि आफ्नो क्षेत्रलाई चिनाउनमा धेरै थोरै योगदान रहेकै छ ।

म्याग्दी जिल्लाबाट साहित्यमा कलम चलाउने व्यक्तिहरूमा देवनारायण पौडेल (१९३८), गङ्गादत्त शर्मा (१९७४), दीपबहादुर खडका (१९७५), श्रीकृष्ण उपाध्याय (१९८०), जीतबहादुर बानियाँ (१९८६), केशव सुवेदी (१९९०), राधाकृष्ण शर्मा पराजुली (१९९३), विद्यानन्द उपाध्याय (१९९४), लालबहादुर बानियाँ (१९९६), भबेन्द्र शाह (१९९६), ठाकुरप्रसाद पराजुली (१९९७), भूपेन्द्रबहादुर खड्का (१९९८), प्रेमप्रकाश पौडेल (१९९९), सूर्यप्रकाश बानियाँ (१९९९), हरिबन्दी (२००१), योगनाथ ढुङ्गाना (२००२), सोम बोगटी (२००२), बुद्धिप्रसाद सुवेदी (२००३), होमनाथ सुवेदी (२००४), रत्नाखर उपाध्याय सुवेदी (१९०४), ध्रुवलाल शर्मा (२००५), गङ्गाधर सुवेदी (२००६), सुवर्णकुमार श्रेष्ठ (२००७), चन्द्रप्रकाश बानियाँ (२००७), गणनाथ पौडेल (२००७) आदि २००७ सालपूर्व जन्मेका साहित्यकारहरू हुन् ।

म्याग्दीबाट नवराज कार्की (२००९), चन्द्रबहादुर घिमिरे (२००९), भरतकुमार श्रेष्ठ (२००९), माधवप्रसाद रेग्मी (२०१०), दीनानाथ पौडेल (२०१०), दीर्घबहादुर खड्का (२०११), सुदर्शनकुमार श्रेष्ठ (२०१२), बानियाँ कान्छा (२०१२), कृष्णबहादुर बानियाँ (२०१६), नरबहादुर बि.सी. (२०१६), मीन द्वन्द्वी (२०१७), केशवप्रसाद ढुङ्गाना (२०१७), दुतबहादुर गर्बुजा (२०१८), तिलक मल्ल (२०२०), रविकीरण अधिकारी (२०२१), मुक्तिप्रसाद ढुङ्गाना (२०२१), चिरञ्जीवी शाह (२०२४), तीर्थबहादुर फगामी (२०२४), रामजीप्रसाद सुवेदी (२०२३), यामबहादुर श्रेष्ठ (२०२३), भक्त कार्की (२०२४) आदि नाम चलेका साहित्यकार हुन् ।

बालकुमार रोकामगर (२०२४), तीर्थबहादुर फगामी (२०२४), दीननाथ रेग्मी (२०२४), चिरञ्जीवी शाह (२०२४), रोशन शेरचन (२०२४), दामोदर रिजाल 'घताने' (२०२५), अजयमिलन श्रेष्ठ (२०२६), चन्द्रमणि सापकोटा (२०२६), हरिहर बिरही (२०२६), पुरुषोत्तम सुवेदी (२०२७), रामप्रसाद सुवेदी (२०२७), तोपबहादुर

कार्की (२०२७), मनवीर किसान (२०२७), अशोक बानियाँ (२०२८), टीकाकुमार पुन (२०२८), हरि 'बागियान' (२०२८) आदि २०२८ सालपूर्व जन्मेका म्याग्देली साहित्यिक प्रतिभाहरू हुन् । प्रकाश सुवेदी (२०२९), मेजन पुन (२०२९), कृष्णप्रसाद पौडेल (२०२९), गोपालप्रसाद रेग्मी (२०२९), यामबहादुर किसान (२०२९), सीता पौडेल (२०२९), लक्ष्मण घिमिरे (२०३१), बालकृष्ण शर्मा (२०३१), ध्रुवसागर शर्मा (२०३२), विनोद 'धौलागिरि' (२०३२), सोमनाथ ढुङ्गाना (२०३२), भवीन्द्र कुँवर 'भवभिन्न' (२०३३), खेमनाथ पौडेल 'मधु' (२०३४), रमेशकुमार श्रेष्ठ 'डेबिड' (२०३४), काशीराम रेग्मी (२०३४), मुक्तिकुमार पौडेल (२०३४), कीरण सापकोटा (२०३५), गोविन्द पौडेल (२०३५), धनञ्जयकुमार श्रेष्ठ (२०३५), सीमा आचार्य (२०३५), रेखाकौशल रेग्मी (२०३५), रामचन्द्र सुवेदी (२०३६), किरण बोगटी 'साथी' (२०३६), दीपक कार्की 'बिखर्ची' (२०३६), विनय श्रेष्ठ (२०३६), मनोज हमाल (२०३६), विक्रम घिमिरे (२०३६), हरिबहादुर खडका (२०३६) आदि यस क्षेत्रमा कलम चलाउने साहित्यकार हुन् ।

सुदनकुमार श्रेष्ठ (२०३७), नवराज सुवेदी (२०३७), चक्र के.सी. 'सफल' (२०३८), राजु के.सी. (२०३८), नवीन बानियाँ (२०३८), पार्वती मिजार 'अनिता' (२०३९), गोरखनाथ सुवेदी (२०३९), गोविन्द सुवेदी 'अन्जान' (२०३९), दिनेश महेशकोटा (२०३८), किसान चोखाल (२०३९), शिव सस्मित (२०३९), सन्तोष रावल (२०४०), भोजबहादुर जि.सी. (२०४०), शङ्कर चोखाल (२०४१), लोकेश पुन मगर (२०४१), शैलेश श्रेष्ठ (२०४१), प्रमोद शर्मा (२०४१), सरोज राना (२०४१), हरि गिरी (२०४२), शङ्कर चोखाल (२०४२), नीराजन शिरीष (२०४२), कमल बानियाँ (२०४२), इन्द्र वियोगी (२०४२), सूर्य पुर्जा 'जहर' (२०४३), मुकुन्द पौडेल 'आलोक' (२०४३), तेजेन्द्रकुमार रत्न (२०४३), दीपेन्द्र कार्की (२०४३), कविता शर्मा 'सङ्घर्ष' (२०४४), पुष्पा शर्मा (२०४४), निर्मल चोखाल (२०४४), लक्ष्मी शिखा (२०४४), मालती खत्री (२०४४), कृष्णप्रसाद सापकोटा 'किसुन' (२०४४), धनबहादुर लेकाली (२०४४), नरदेवी थापा (२०४४), विनोद बानियाँ (२०४४), सुमन गिरी (२०४४) आदि २०४४ सालपूर्व जन्मेका म्याग्दीकै प्रतिभा हुन् ।

म्याग्दीबाट पछिल्लो पुस्ताका नवोदित प्रतिभाहरूमा निर्मला रेग्मी (२०४५), पवित्रा बुढा (२०४५), अमित निशान्त (२०४५), म्याग्देली नवीन मगर (२०४५), क्युरियस पूर्ण (२०४५), दलप्रसाद विश्वकर्मा (२०४५), नविन मगर (२०४५), ललीन्द्र थापा (२०४६), सुमित गिरी (२०४६), मौसम के.सी. 'समर्पण' (२०४६), सरु विक्षिप्त (२०४६), गोपाल छन्त्याल 'प्रयास' (२०४६), तारामिलन छन्त्याल (२०४७), अर्जुन शर्मा (२०४७), जीवन कार्की 'अथक' (२०४७), अम्बिका सुवेदी 'उत्सर्ग' (२०४७), पूर्णबहादुर खत्री (२०४७), गगन सुनान (२०४७), बादल शाही पुरुष (२०४७), रामप्रसाद शर्मा (२०४८), रविन सुवेदी 'रहस्य' (२०४८), कविता सुवेदी (२०४९), मुना सापकोटा (२०४९), अमृत सुवेदी (२०४९), अमित के.सी. (२०५०), यशोदा सुवेदी (२०५१), हस्त के.सी., इन्द्र घिमिरे अविनाश, आकाङ्क्षा रिजाल आदि रहेका छन् (थापा, २०७२, पृ. १-७ र पौड्याल, २०७६, पृ. १४५-१७९) । यी लगायत अन्य स्रष्टाहरूको पनि यस जिल्लामा उत्तिकै योगदान रहेको छ ।

मुस्ताङ जिल्लाबाट नेपाली साहित्यमा योगदान पुऱ्याउने साहित्यकारहरूमा ओमप्रसाद गौचन (१९६१), बुद्धिबहादुर थकाली (१९७९), नरसिंहभक्त तुलाचन (१९८७), भूपी शेरचन (१९९२), हेमबहादुर गौचन (१९९५), पूर्णप्रसाद तुलाचन (१९९५), पृथ्वी शेरचन (२००३), उषा शेरचन (२०१२), सुशील थकाली (२०४५), आकाङ्क्षा रिजाल (२०४४), विपना तुलाचन (२०४७), प्रेम शेरचन (२०४४), चन्द्र गौचन, मणिका गौचन, इन्द्रबहादुर तुलाचन, प्रदीपमान तुलाचन आदि हुन् । मुस्ताङबाट सङ्ख्यामा थोरै भए पनि गुणमा भूपीलाई उछिन्ने कवि साहित्यकार धवलागिरिबाट छैनन् भन्दा पनि अतिशयोक्ति हुँदैन ।

साबिक धवलागिरि अञ्चलबाट भाषा, साहित्य, लोकसाहित्य र दर्शनको क्षेत्रमा योगदान पुऱ्याउनेहरूमा कालीभक्त पन्त, हीरामणि शर्मा, ठाकुर पराजुली, प्रेम छोटा, शास्त्रदत्त पन्त, सन्तोष बुढामगर, ओम गुरुङ, यादवराज पन्त, दानराज रेग्मी, नीलप्रसाद पन्त, कुसुमाकर न्यौपाने, बालकृष्ण नेभा, दिनबहादुर थापा, षडानन्द पौड्याल, जगन्नाथप्रसाद लम्साल, सुदर्शन सिलवाल, आनन्दराज सिलवाल, गणेशप्रसाद शर्मा, हरिप्रसाद पाण्डेय, हिरालाल रेग्मी, देवेन्द्र पौडेल, कृष्ण के.सी., देवीप्रसाद कँडेल, शुभशङ्कर कँडेल, डुन्डीराज पौडेल, देवेन्द्र खत्री, मधुलाल गौतम, देवबहादुर क्षत्री, वीरबहादुर चोखाल, लीलाधर सापकोटा, थुमराज ढुङ्गाना आदिको नाम लिन सकिन्छ । यिनीहरूले साहित्य सिर्जनामा भन्दा भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी शोध र खोज कार्यमा योगदान पुऱ्याएका छन् । यिनीहरूबाहेक पनि धेरै स्रष्टा र भाषा-साहित्य क्षेत्रका साधकहरू यस क्षेत्रमा रहेका छन् ।

नेपालमा भाषा, साहित्य र लोकसाहित्यका क्षेत्रमा जति शोध, सिर्जना र समीक्षा गरी नयाँ नयाँ सिद्धान्तको प्रतिपादन गरिएको छ, त्यसमा साबिक यो अञ्चलको पनि उत्तिकै योगदान रहेको छ । नेपाली लोकगीतलाई राष्ट्रिय स्तरमा परिचित गराउनमा जीवन शर्मा, खड्ग गर्बुजा, विष्णु खत्री, विमलराज क्षत्री, प्रकाश सपुत, राम्जी नेपाली, देवी घर्ती, वशन्त थापा, कर्ण परियार, खेम आशीष, ढालेन्द्र गौतम, कुलेन्द्र विश्वकर्मा, कस्तुप पन्त, बुद्धिराम शर्मा, जुना श्रीस, फूलकुमारी के.सी., सीता के.सी., अमृत नेपाली, कृष्ण परियार, निशा सुनार, थानेश्वर गौतम, धनकुमारी थापा, दुर्गेश थापा, रिना के.सी., निरा छन्त्याल लगायतका गायकहरूको विशेष योगदान रहेको छ । तर पनि सबैको क्षमता र योगदान भने उत्तिकै छैन ।

बागलुङको साहित्यिक गतिविधिमा जति मात्रामा स्रष्टा र शोधकर्ताको योगदान रहेको छ, त्यतिकै मात्रामा यहाँका शैक्षिक संस्था, पुस्तकालय र पत्रपत्रिकाहरूको योगदान पनि रहँदै आएको पाइन्छ । धवलागिरिको साहित्यमा विशेष योगदान पुऱ्याउनमा विद्यामन्दिर पुस्तकालय (२००३), विद्यामन्दिर .मा.वि. (प्रा.वि. १९९७, मा.वि. २०११), ज्ञानोदय पुस्तकालय (२००९), भगवती पुस्तकालय (२०११), युवासाहित्य मण्डल (२०१४), सरोज सुधा सङ्घ (२०१७), महेन्द्र क्याम्पस बागलुङ (२०१९), ज्ञानोदय भगवती पुस्तकालय (२०२१), नेपाली साहित्यकार सम्पर्क समिति (२०२३), धवलागिरि सांस्कृतिक मण्डल (२०२३), धवल कलामन्दिर (२०३०), रत्नश्रेष्ठ पुरस्कार गुठी (२०३४), रत्नश्रेष्ठ पुरस्कार पुस्तकालय (२०३७), धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान (२०४१), तेजरत्न स्मृति पुरस्कार संस्था (२०५०) लगायतका संघसंस्थाका ठूलो योगदान रहेको छ ।

जिल्ला बालकल्याण समिति बागलुङ (२०५७), 'घुम्टेको सुसेली' (२०५७) जगतचन्द्र स्मृति सम्मान कोष (२०५८), शैक्षिक अनुसन्धान तथा विकास केन्द्र, बागलुङ (२०५९), त्रि.वि. प्राध्यापक सङ्घ, एकाइ समिति ध.ब.क्या. बागलुङ (२०५९), रणस्मृति पुरस्कार संस्था (२०७४), गुरु गणेश-विष्णु स्मृति कोष (२०७५) लगायतका सङ्घ-संस्थाहरू र त्यहाँबाट प्रकाशित पत्रिका, स्मारिकाको योगदान रहेको पाइन्छ । यसमा सबैको उत्तिकै

योगदान भने छैन । रत्नश्रेष्ठ पुरस्कार गुठी र धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठानको यस क्षेत्रमा अतुलनीय योगदान रहेको छ ।

बागलुङबाट साहित्यिक गतिविधि सञ्चालनमा योगदान पुऱ्याउने पत्रिकाहरूमा सही बाटो (२००८), मञ्जरी (२०१४), ज्योति (२०१५), धवलागिरि (२०१९), धवलागिरि साप्ताहिक (२०२१), मुनो (२०२२), सरोज (२०१७), कोसेली (२०२३), बुकी (२०२५), धौलाश्री साप्ताहिक (२०२८), कालीको छाल (२०२८), झिल्को (२०२८), निर्झर (२०२८), कीरण (२०२९), सरोरुह (२०३०), यानीमाया (२०३०), नवबालक (२०३०) आदि तीसको दशकसम्ममा देखिएका पत्रपत्रिकाहरू हुन् ।

काठेखोला (२०३१), जलजला (२०३५), खबरकागज (२०३६), कालीको छाल (२०३६), नयाँ जाँगर (२०३६), प्रयास (२०३६), सँगालो (२०३८), मुक्ति सन्देश (२०३८) आदि हुन् । त्यसैगरी चौतारी (२०४१), उपहार (२०४२), जनयोद्धा (२०४८), कालीगण्डकी (२०५०), दीपाञ्जली (अमृत आदर्श उमावि, २०५०), दीप अमृत प्रकाशन (२०५३), सूर्य साप्ताहिक (२०५४), उत्तरगङ्गा (२०५४),श्री धौलागिरी साप्ताहिक (२०५४), न्यु धौलागिरि साप्ताहिक (२०५५), सम्भावना साप्ताहिक (२०५५), बागलुङ साप्ताहिक (२०५५), धवलागिरि आवाज (२०५६), धौलागिरि स्टार (२०५६), प्रज्ञा सारथि (२०५८), उषाकालीन (२०५८), शैक्षिक अनुशीलन (२०६९) आदि बागलुङमा स्थापना भएका पत्रिका तथा जर्नल हुन् ।

साठीको दशकमा बागलुङबाट योगदान पुऱ्याउने पत्रिकाहरूमा ढोरपाटन दैनिक (२०६०), उत्तरगङ्गा (२०५४), बागलुङ एक्सप्रेस (२०६०), नव दिव्य दृष्टि (२०६०), बागलुङ पत्र (२०६२), धौलागिरि जागरण (२०६३), छलाङ (२०६४), कालिका (२०६४), अब हाम्रो पत्रिका (२०६४), बुर्तिवाङ (२०६६), धौलागिरि गर्जन (२०६६), गलकोट पत्र (२०६७), मुक्तिक्षेत्र दैनिक (२०६७), गाउँले खबर चौतारो (२०६८), परिसूचन (२०७०), सन्तुलित (२०७०), निगरानी (२०७४) लगायतका पत्रिकाहरूको पनि यस क्षेत्रको साहित्यिक गतिविधि बढाउनमा ठूलै योगदान रहेको छ । यद्यपि यिनीहरूको उद्देश्य, निरन्तरता र योगदान भने समान छैन । कतिपय पत्रिकाहरू बन्द भइसकेका पनि छन् ।

पर्वत जिल्लाबाट नेपाली भाषा साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउने पत्रिकाहरूमा 'आँकुरो' (हस्तलिखित २०१८), झर्ना (२०२०), 'पर्वतमाला' (२०२२), 'पालुवा' (२०६३), प्रतिभा (२०२३), 'इच्छाको फूल' (२०३४), 'गङ्गा' (२०३७), 'शिक्षा कुसुम' (२०३७), 'प्रतिभा' (नयाँ २०३८), 'ज्योतिष जागरण' (२०५०), 'जमर्को' (२०५१), 'यात्रा आफ्नै परिवेशमा' (२०५२) 'कालीको सुसेली' (२०५४), 'बाल सुसेली' (२०५७), । 'सगुन', 'पर्वत (२०५५), 'पर्वत विकास दर्पण' (२०५५), 'धवला' (२०५५) आदि हुन् ।

पर्वतबाट स्थापित पत्रपत्रिकाहरूमा 'समुदाय र सिर्जना त्रैमासिक', 'गण्डकीका छालहरू', 'धौलागिरी समर्पण', 'समर्पण', 'नवसौगात', 'समिश्रण', 'ऋतुरङ्ग', 'भावदीप', 'पहाडी गोरेटो', 'साहित्य क्षितिज', 'नवरस', 'नवरश्मि', 'गुञ्जन, सूर्योदय', 'मोदी मैदान', 'नवदीपन', 'नवदीप', 'गुप्तेश्वर', 'भञ्ज्याङ', 'शान्ति सन्देश', 'चौतारी', 'शीतल चौतारी', 'नवसिर्जना', 'साहित्य प्रवाह' 'मोदी-काली', 'निष्पक्ष अभिमत', 'धौलागिरी पोष्ट', 'फलेवास, 'पर्वत जागरण', 'शुभ सन्देश', 'पर्वत सन्देश', 'न्यू कालीगण्डकी दैनिक', 'नव-माधुरी त्रैमासिक', 'सहारा न्यूज दैनिक' आदि पत्रपत्रिका (वार्षिक, त्रैमासिक, साप्ताहिक, दैनिक तथा विभिन्न मुखपत्रहरूसमेत) रहेका छन् । यी सबै पत्रपत्रिकाको नेपाली साहित्यको श्रीवृद्धिमा धेरैथोरै योगदान रहे तापनि सबैको उद्देश्य, निरन्तरता र योगदान समान रहेको छैन । कतिपय पत्रिकाहरू बन्द भइसकेका पनि छन् ।

पर्वतबाट संस्थागत रुपमा नेपाली भाषा र साहित्यको सेवा गर्नेमा जनजागृत मा.वि. तिलाहार ('काँडा बीचको फूल', 'चेतना, फूलका थुङ्गा', 'आकृति पर्वत गुञ्जन'), नारायण मा.वि. कुश्मा ('जागरण', 'फोडिएको पत्थर', 'पर्वतमाला-नयाँ)', कर्मचारी मिलन केन्द्र ('पर्वतमाला'), मोहनबहादुर मल्ल स्मृति प्रतिष्ठान मल्लाज 'कालाञ्जर', मल्लाज बेनीको जेलियस ग्रुप ('पर्वत गुञ्जन', 'छालहरू', 'लघु कथा सङ्ग्रह'), पर्वत साहित्य सङ्गम ('धौलागिरी स्पन्दन'), काठमाडौँमा रहेका पर्वतेलीहरू ('पर्वत आह्वान') आदि रहेका छन् । यी सङ्घ-संस्था र वैयक्तिक प्रयासमा पर्वतको साहित्यिक जागरणमा ठुलो योगदान पुगेको छ ।

म्याग्दी जिल्लाबाट नेपाली भाषा र साहित्यमा योगदान पुऱ्याउने सङ्घ-संस्थाहरूमा कर्मचारी मिलन केन्द्र (२०३९), सूर्यनारायण पुरस्कार संस्था (२०४८), धौलागिरी नृत्य प्रशिक्षण केन्द्र (२०५२), म्याग्दी साहित्यिक समाज (२०५५), पौलस्त्य साहित्य समाज (२०५९), कलावती कार्की छात्रवृत्ति कोष (२०५९), कालीगण्डकी नाटच समूह (२०५९), धन-डम्बरकुमारी कार्की स्मृति प्रतिष्ठान (२०६०), राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान (२०६०), मधुरिमा कला केन्द्र (२०६०), सोनिया कला मन्दिर (२०५८), बेनी वाङ्मय युवा परिवार (२०६३), मधुसूदन स्मृति साहित्य प्रतिष्ठान, मगर साहित्य प्रतिष्ठान (२०६४), परिवर्तन साहित्य समाज, ताकम साहित्यिक समाज (२०६७), प्रतिबिम्ब साहित्यिक समूह, दर्पण साहित्यिक समूह, मारुनी नृत्यकला केन्द्र (२०६८) आदि रहेका छन् । यिनीहरूले पनि आफ्नो क्षेत्रबाट योगदान पुऱ्याएका छन् ।

म्याग्दीबाट भाषा र साहित्यको विकासमा योगदान पुऱ्याउने पत्र-पत्रिकाहरूमा नवप्रकाश (२०२०), आँकुरा साहित्यिक पाण्डुलिपि (२०३३), पुष्पाञ्जली (मिलन केन्द्र-२०३९), उपहार (२०४२), साहस (२०४३), हालचाल आवधिक (२०५२), बुलेटिन (२०५३), लालीगुराँस आवधिक (२०५३), परिकल्पना (२०५५), म्याग्दीको प्रवाह (२०५५), नवप्रतिभा साहित्यिक द्वैमासिक हवाई पत्रिका (२०५७), म्याग्दी सञ्चार साप्ताहिक (२०५८), म्याग्दी प्रज्ञा द्वैमासिक (२०५९), दबाइएका स्वरहरू (२०५१), नयाँ मिरमिरे मासिक, म्याग्दी सन्देश साप्ताहिक (२०५९), गङ्गा, बालभावना, नवदीपन, रत्न द्वैमासिक (२०६०), बुद्धिबिम्ब (२०६०), साहित्यमाला (२०६०), जुनकिरी त्रैमासिक (२०६१) आदि हुन् ।

म्याग्दीबाटै प्रकाशित दबाइएका आवाजहरू द्वैमासिक, सम्बोधित्व द्वैमासिक, पुष्पपुञ्ज हवाई पत्रिका, रेडक्रस सञ्चार, रुप्से साप्ताहिक (हाल दैनिक, २०६१), नवसिर्जना साहित्यिक मासिक (२०६१), हाम्रो कोसेली, साहित्य प्रवाह साहित्यिक (२०६२), नवसमीक्षा साहित्यिक (२०६२), सिर्जना साहित्यिक (२०६२), सुमधुर साहित्यिक, धवलध्वनि साप्ताहिक (२०६२), नवचेतना द्वैमासिक (२०६२), बिम्ब, अभिव्यञ्जना साहित्यिक पत्रिका, पाम (खोज), परिस्फुरण साहित्यिक, कुसुमाकर द्वैमासिक, किम्लीका पाइलाहरू (२०६३), नवविकल्प साप्ताहिक (२०६५), नवचेतना साहित्यिक (२०६६), मुक्तिदर्पण (२०६७), शालिग्राम (२०६७), समर्पण साप्ताहिक (२०६८), लालीगुराँस (२०७०), शैक्षिक समाचार (२०६८), क्षितिज साहित्यिक द्वैमासिक, समर्पण साहित्यिक द्वैमासिक, आरोहण (२०६८), चिनाकोट (२०६९), समृद्ध साप्ताहिक (२०७०) आदि पत्रिकाहरूको पनि उत्तिकै योगदान रहेको छ ।

## निष्कर्ष

यसरी धवलागिरि क्षेत्रको साहित्यसँग यहाँका प्रागैतिहासिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, संस्थागत र वैयक्तिक सन्दर्भहरू जोडिएका छन् । धवलागिरिका साहित्यिक प्रतिभाहरूको मात्रै खोजी गर्दै जाँदा पनि यहाँ सयौँको सूची तयार गर्नसकिन्छ । नेपाली साहित्यमा प्राथमिक, माध्यमिक र आधुनिक कालसम्म आइपुग्दा जेजस्ता प्रवृत्तिहरू विकास हुँदै आए ती सबै प्रवृत्तिहरू धवलागिरिका स्रष्टामा पनि पाइन्छन् । साहित्यको क्षेत्रमा सङ्ख्याको भन्दा पनि गुणात्मक कृति र कृतिकारको महत्त्व बढी हुन्छ । धवलागिरिका स्रष्टाहरूको मौलिक पहिचान भनेकै यस क्षेत्रको भौगोलिक अवस्था, सांस्कृतिक रहनसहन र प्राकृतिक सौन्दर्यको सन्दर्भलाई साहित्यमा जोड्नु हो ।

यसरी नै सामाजिक र सांस्कृतिक विकृतिप्रतिको विरोध, वैदेशिक रोजगारले भित्र्याएका विकृतिहरू, शैक्षिक बेरोजगारी, देशप्रेमको भावना, धार्मिक आस्था एवम् आफ्नो वैचारिक आस्थाप्रतिको समर्पणभाव र विपरीत आस्थाप्रतिको विरोध गर्नु पनि यहाँका साहित्यिक प्रवृत्तिहरू हुन् । यीबाहेक पनि प्रणयभाव, मानवता, आत्मोत्सर्ग, आत्मकथा, आत्मरति, आत्मश्लाघाजस्ता भाव पनि यहाँको साहित्यमा झल्किएको पाइन्छ । धवलागिरिको साहित्यिक सन्दर्भले नेपाली साहित्यको श्रीवृद्धि गर्नमा ठुलो योगदान पुऱ्याउनुका साथै व्यक्तिलाई सामाजिक सेवाभाव, नैतिक आचरण, मनोरञ्जन र समर्पणको पाठ पनि सिकाएको छ । साथै यहाँको साहित्यिक सन्दर्भले भाषा, साहित्य, लोकसाहित्य र संस्कृतिको उत्थानमा पनि उत्तिकै योगदान पुऱ्याएको छ ।

नेपाली सामाजको वर्तमान अवस्थालाई हेर्दा वैदशिक रोजगारीले नेपाली समाज र सामाजिक संरचनामा गम्भीर सङ्कट निम्त्याएको छ । विकासका नाममा भएका प्राकृतिक विनाशको अवस्था, राजनीतिक अराजकता, परम्परित थानको मानमा आएको विचलन, अव्यवस्थित सहरीकरण, पारिस्थितिक प्रणालीमा आएको विसङ्गति, जलवायु परिवर्तनले निम्त्याएका सङ्कटहरू, रैथाने ज्ञानसिपमा आएको विलोपन आदि पक्षलाई यहाँको साहित्यले अपेक्षाकृत उजागर गर्न सकेको छैन । यसलाई साहित्यिक चस्माले पनि हेर्नु पर्दछ । समाजको विकृति औंल्याउनु मात्रै नभई समाजलाई सही मार्गदर्शन गराउनु पनि साहित्यको धर्म हो ।

धवलागिरि क्षेत्र आफैँमा स्वायत्तीकृत वा स्वशासित भूभाग हो । यो क्षेत्रको घाटु, सोरठी, गोपिचन, भैलो/देउसीका कथा, लोकोक्ति, लोकगीत, लोकभजन, लोकनाटक, इतिहास, ऐतिहासिक गरिमा बोकेका कोटहरू र कोटे राज्यहरूको तथ्यपरक खोजअनुसन्धान हुन बाँकी नै छ । यहाँको साहित्यसँग जोडिएका थानहरू, तालहरू, गुफाहरू, मठमन्दिरहरू, छाँगा-छहराहरू, जात्रा, मेलापर्व, लोकबाजा, लोकभजन आदिका साथै बराह, माई, झाँक्री, सिद्ध, भैरम, कालिका, मालिका आदि अनेकौं थानीमण्डलीका सन्दर्भहरू पनि यहाँको साहित्यमा झल्किनु पर्दछ ।

आगामी दिनमा धवलागिरिको साहित्यले विविध विधा, उपविधा, जाति, जनजाति, भाषा, भाषिका, संस्कृति, भूगोल/स्थान, प्रकृति, पेसा, धर्म, वर्ग, समूह, पहिचान, राष्ट्रियता लगायत विविध सन्दर्भलाई समेट्न सकोस् भन्ने अपेक्षा गरिएको छ । यो क्षेत्रको मौलिक पहिचान भनेकै धार्मिक सहिष्णुता, सांस्कृतिक एकता, भाषिक सम्मिश्रण र जातीय सद्भाव हो । यसलाई यहाँको साहित्यले निरन्तरता मात्रै होइन थप प्रवर्धन गर्दै लैजानु पर्दछ ।

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

## सन्दर्भग्रन्थ सूची

अधिकारी, रामप्रसाद (२०५५), *नेपाली साहित्यकोश,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठन ।

छोटा, प्रेम सम्पा. (२०५५), *धवलागिरिका कवि र कविता,* अमृतप्रसाद शेरचन, सुनिल फ्लोरिड सेन्टर ।

छोटा, प्रेम सम्पा. (२०६२), *प्राथमिककालीन पुराना कवि वीरशाली पन्त,* विद्यार्थी पुस्तक भण्डार ।

थापा, दिनबहादुर (२०६६), *धवलागिरिका लोकगीतको पहिचान : झाम्रेगीत,* दीअ प्रकाशन रत्नश्रेष्ठ पुरस्कार गुठी ।

थापा, दिनबहादुर (२०७२), धवलागिरिको भाषा, साहित्य र लोकसाहित्यको आलोकमा प्रेम छोटा, *प्रेम छोटाका ७० वसन्त (कृति : कृतित्व, व्यक्ति : व्यक्तित्व),* दीअ प्रकाशन रत्नश्रेष्ठ पुरस्कार गुठी, पृ. १-१० ।

दाहाल, रामप्रसाद (२०५४), *सिङ्गो नेपाली भाषा, साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,* विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, षडानन्द (२०७६), धवलागिरिको नेपाली साहित्य, पर्वत साहित्य सङ्गम ।

पौड्याल, षडानन्द (२०८०), धवलागिरिका कवि र कविता, गण्डकी प्रज्ञा प्रतिष्ठान र पर्वत साहित्य सङ्गमको संयुक्त आयोजनामा २०८०/०१/१६ को साहित्यिक गोष्ठीमामा प्रस्तुत विमर्श पत्र ।

प्रपन्नाचार्य, स्वामी सम्पा. (२०५१), *कार्तवीर्योदयमहाकाव्य,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बानियाँ, कर्णबहादुर (२०७५), *म्याग्दीको इतिहास, संस्कृति र सम्पदा,* विष्णुदेवी बानियाँ ।

बानियाँ, चन्द्रप्रकाश (२०६२), *ऐतिहासिक पर्वत राज्य,* म्याग्दी पुस्तकालय ।

बानियाँ, चन्द्रप्रकाश (२०७६), *महारानी,* शिखा बुक्स ।

बुढामगर, कर्णबहादुर (२०६४), *मगर-नेपाली शब्दकोश,* नेपाल मगर सङ्घ ।

मल्ल, मोहनबहादुर (२०२८), पर्वतको इतिहास, *प्राचीन नेपाल,* पुरातत्व विभागको मुखपत्र पृ. ४२-५३ ।

विकल्प, इन्द्रकुमार सम्पा. (२०५६). पर्वत जिल्लाका साहित्यकार र कृतिहरू *कालीको सुसेली,* समसामयिक सङकलन ५. पृ. ३२-३४ ।

श्रेष्ठ, टेकबहादुर (२०५९), *पर्वत राज्यको ऐतिहासिक रुपरेखा,* नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिवि कीर्तिपुर।

सुवेदी, रामप्रसाद (२०७०), *स्रष्टा र सृष्टि,* रामप्रसाद सुवेदी ।

Hamilton, F. B. (1819, 1971). *An Account of the Kingdom of Nepal*. Manjusri Publishing House.

Kirkpatrick, C. (1811, 1986), *An Account of the kingdom of Nepal*. J. Jetley.

### Author's Bionotes

Dinbahadur Thapa is a Professor of Nepali language, at Tribhuvan University, Nepal. He has got PhD in Sociolinguistics from TU, Nepal. His focal area of study is socio-linguistics and Nepali Folklore.